# स्वास्थ्य तथा सरसफाई नीति

चंखेली गाउँपालिका
पिपलाङ, हुम्ला
कर्णाली पर्देश, नेपाल

गाउँ कार्यपालिकाको बैठकबाट
स्वीकृत मितिः २०७८ साल मंसिर १५ गते

# चंखेली गाउँपालिका
# स्वास्थ्य तथा सरसफाई नीति, २०७८

## १. पृष्ठभूमि

नेपालको संबिधान २०७२ को भाग ३ को मौलिक हक र कर्तब्य अन्तरगत धारा ३५ मा स्वास्थ्य सम्बन्धि हकको ब्यबस्था गरीएको छ, सोहि धाराको उपधाराहरुमा आधारभूत स्वास्थ्य सेवा मौलिक हकको रुपमा स्थापित गरेको छ भने सबै नागरिकलाई स्वास्थ्य सेवामा समान पहुँच र आकस्मिक स्वास्थ्य सेवा पुऱ्याउने र आधारभूत स्वास्थ्य सेवा सुलभ प्रवाहको सुनिश्चितता गर्नु अपरिहार्य रहेको छ । यसका लागि चंखेली गाउँपालिकाले स्वास्थ्य सेवाको गुणस्तर निर्धारण, औषधी, उपकरण, स्वास्थ जनशक्ति ब्यवस्थापन गरि सेवा प्रवाह गर्नुपर्नेछ ।

चंखेली गाउँपालिकाले बिगतमा स्वास्थ्य ब्यबस्थापनमा गरेको लगानिबाट केहि सफलता हाँसिल गरेको भएतापनि अझै पनि यस गाउँपालिकामा बसोबास गर्ने केही समुदायका बासिन्दाहरु संबिधान प्रदत्त आधारभूत स्वास्थ्य सेवाबाट बन्चित रहनु परेको छ । तसर्थ चंखेली गाउँपालिकाले तथ्यमा अधारीत योजना बनाई, स्वास्थ्य सेवा प्रवाहमा सुधार ल्याई गुणस्तरी स्वास्थ्य सेवा मार्फत चंखेली गाउँपालिका बासीहरुको स्वास्थ्यमा सुधार ल्याई गाउँपालिकाले समग्र बिकासका लागी प्रभाबकारी स्वास्थ्य सेवा प्रवाहको ब्यबस्था गर्नु अपरिहार्य देखीएको छ । नेपालको संबिधान २०७२ र राष्ट्रिय स्वास्थ्य नीति २०७६ बमोजीम स्वास्थ्य सेवालाई नागरीको मौलिक हकको रुपमा स्थापित गरीसकेको सर्न्दभमा यस गाउँपालिका भित्र नवजात शिशु तथा मातृ स्वास्थ्यमा सुधार गरि मृत्युलाई वाञ्छित तहसम्म घटाउनु, बढ्दै गएको नसर्ने रोगको प्रकोप रोकथाम तथा नियन्त्रण गर्नु र कुनै पनि बेला हुनसक्ने स्वास्थ्य सम्बन्धी विपद् व्यवस्थापन तत्काल गर्नु, जेष्ठ नागरिक, शारीरिक तथा मानसिक रुपमा अपाङ्गता भएका, एकल महिला, खास गरी गरिब, सीमान्तकृत र जोखिममा रहेका समुदाय, गर्भवती तथा सुत्केरी महिला, नवजात शिशु, पाँच वर्ष मुनिका बालबालिका, किशोर-किशोरीलाई आधारभुत तथा गुणस्तरीय स्वास्थ्य, सरसफाई तथा पोषण सेवा सर्वसुलभ र पहुँच योग्य बनाउन चंखेली गाउपालिकाको दायित्वबोध गरेको छ ।

बदलिदो संघीय संरचनामा स्थानीय तहको हरेक वडामा एक स्वास्थ्य संस्था स्थापना गर्न, जनउत्तरदायी एवं कुशल व्यवस्थापनको माध्यमबाट आवश्यक सबै स्रोत र साधनको अधिकतम परिचालन गरी संघीय संरचनामा स्वास्थ्य सेवा प्रणाली विकास, विस्तार र सुधार गर्दै विद्यमान तथा नयाँ चुनौतीहरूलाई सही ढङ्गले सम्बोधन गरेर चंखेली गाउँपालिकाले नागरिकको स्वास्थ्य प्रवर्द्धन, संरक्षण, सुधार र पुर्नस्थापन गर्न ***चंखेली गाउँपालिका स्वास्थ्य तथा सरसफाई नीति, २०७८*** तयार गरी लागू गरिएको छ ।

## २. विगतमा गरिएका प्रयासहरु :

राष्ट्रिय नीति तथा लक्ष्यहरुका आधारमा नेपालमा स्वास्थ्य क्षेत्रमा उल्लेख्य उपलब्धी र सफलता प्राप्त भएका छन तथापी यस चंखेली गाउँपालिकामा स्वास्थ्यका सूचकहरुमा भएको प्रगतीबाट पुर्ण रुपमा सन्तुष्ट हुने अवस्था भने छैन । चंखेली गाउँपालिकाले विषेशगरी सेवाबाट बञ्चीतिकरणमा परेका दुर्गम क्षेत्रका, गरिब, लक्षित उमेर समुहका, शारीरिक तथा मानसिक रुपमा अशक्त गाउँपालिकाहरुमा आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्रदान गरिदै आएको छ तापनि सेवाको पहुँचमा असमानता बिद्यमान छ ।

चंखेली गाउँपालिकाले स्वास्थ्यको क्षेत्रमा स्थानिय आवश्यकताका आधारमा समानीकरण अनुदान अर्न्तगतको रकम विनियोजन गरी प्रभावकारी रुपमा कार्य गर्दै आएको छ । चंखेली गाउँपालिकाबासीको आधारभुत स्वास्थ्य सेवाको पहुँच सुनिश्चित गर्न तथा स्वास्थ्य क्षेत्रमा गरेका उपलब्धिहरुलाई प्रवर्द्धन गर्दै आगामी दिनहरुमा तथ्यमा आधारित योजना निर्माण गर्न आबश्यक धरातल र बैधानिकता प्रदान गर्नका लागि चंखेली गाउँपालिकाले स्वास्थ्यको बस्तुस्थिती झल्कने गरी स्वास्थ्य प्रोफाईल समेत तयार गरेको छ ।

## ३. चंखेली गाउँपालिकाको बर्तमान अवस्था

राष्ट्रिय स्वास्थ्य नीति २०४८ को रणनीति अनुरुप आधारभुत स्वास्थ्य सेवामा सबैको समान पहुँच पुर्‍याउने उदेश्यले तत्कालिन सबै साविकका गाउँ बिकास समितिहरुमा स्वास्थ्य चौकि स्थापना भए अनुरुप दार्मा स्वास्थ्य चौकि, मिमी स्वास्थ्य चौकि, श्रीमष्ठा स्वास्थ्य चौकि र मेल्छाम स्वास्थ्य चौकिहरु बाट स्वास्थ्य सेवा प्रवाह हुँदै आईरहेको छ । साथै स्वास्थ्य सेवाको पहुँचबाट बञ्चित समुदायलाई सरल र शुलभ रुपमा गुणस्तरीय सेवा प्रदान गर्न बोहरावाडा आधारभूत स्वास्थ्य सेवा केन्द्र भट्टेवाडा सामुदायिक स्वास्थ्य ईकाइ, मेखला सामुदायिक स्वास्थ्य ईकाई, नेप्का सामुदायिक स्वास्थ्य ईकाइ, चरीगाउँ सामुदायिक स्वास्थ्य ईकाइ र पुमा आधारभूत स्वास्थ्य सेवा केन्द्रस्थापना गरी सेवा दिंदै आएको छ ।

गाउँपालिकाले स्वास्थ्यको क्षेत्रमा आबश्यकताको आधारमा बजेट बिनियोजन गरी स्वास्थ्य सेवा प्रवाहमा प्रभाबकारी क्रियाकलापहरु सम्पन्न गर्दै आईरहेको छ। चंखेली गाउँपालिका बासिहरुको आधारभुत स्वास्थ्य सेवाको  पहुँच सुनिश्चत गर्न तथा स्वास्थ्य क्षेत्रमा भएका उपलब्धिहरुलाई संरक्षण गर्दै निर्देशित नीति तथा कार्य विधि अनुरुप यथार्थ परक स्वास्थ्य योजना निर्माण गरि कार्यान्वयन गर्दै आईरहेको छ । गाउँपालिकाले स्वास्थ्य स्थिति झल्कने गरी स्वास्थ्य प्रोफाईल तथा प्रतिबेदन तयार गरेको छ साथै आगामी दिनहरुमा पनि यसलाई निरन्तरता दिनेछ ।

हाल यस गाउँपालिका भित्र प्रसुती केन्द्र भएका ४ वटा स्वास्थ्य चौकि, एउटा पिपलाङ्गमा छुट्टै प्रसुती केन्द्र, ४ वटा समुदायीक स्वास्थ्य ईकाई, २ वटा आधाभुत स्वास्थ्य सेवा केन्द्, ३ गाऊँघर क्लिनिक, खोप केन्द १२ वटा रहेका छन्, महिला स्वास्थ्य स्वयं सेबिका ३७ जना र १६ जना करार र १३ जना स्थाई गरि जम्मा २९ जना स्वास्थ्य कर्मिहरुले सेवा प्रवाह गर्दै आई रहेका छन् ।

गाउँपालिका भित्र बालबिबाह, किशोर अबस्थामा बिबाह गर्ने तथा कम उमेरमा गर्भवति  हुने प्रचलन अझै कायम रहेको छ, जसको परिणाम स्वरुप कम तौलका शिशु जन्मने, समय भन्दा अगावै बच्चा जन्मने, रक्त अल्पता, कुपोषण, मातृ तथा शिशु मृत्यु दर बढ्ने लगाएत आमाहरुमा अन्य प्रजनन स्वास्थ्य र यौन जन्य समस्याहरु देखा पर्ने गरेका छन् ।

केही महत्वपूर्ण सूचकहरूलाई राष्ट्रिय तथा प्रादेशिक सूचकसँग तुलना गरी देहाय बमोजिम प्रस्तुत गरिएको छ ।

| सुचकहरु | नेपाल | कर्णाली प्रदेश | आ.व २०७७/७८ | कैफियत |
|---|---|---|---|---|
| पाँच वर्षमुनिका बच्चाहरूको मृत्यु | ३९ | ५८ | ० | NDHS 2016 |
| शिशु मृत्यू | ३२ | ४७ | ० | NDHS 2016 |
| नवजात शिशु मृत्यु | २१ | २९ | ० | NDHS 2016 |
| संस्थागत प्रसुतीको प्रतिशत | ६१.२ | ७३ | ११०.३ | NDHS 2016/DHIS2 |
| मातृ मृत्यु | २३९ | १३ | ० | NDHS 2016 |
| BCG खोप लगाएका १ वर्ष मुनिका बच्चाहरुको प्रतिशत | ९१ | १०१.५ | १६५.६ | NDHS 2016/DHIS2 |
| DPT-HepB-Hib3 खोप लगाएका १ वर्ष मुनिका बच्चाहरुको प्रतिशत | ८६ | ९४ | ११३.९ | NDHS 2016/DHIS2 |
| Measles/rubella 1 को खोप लगाउने ९ देखी ११ महीनाका बच्चाहरुको प्रतिशत | ८४ | ९९ | १४०.२ | NDHS 2016/DHIS2 |
| TD2 / TD+ खोप लगाउने गर्भवती महिलाहरुको प्रतिशत | ७६ | ६९.२ | १३८.९ | NDHS 2016/DHIS2 |
| स्वास्थ्यकर्मी द्धारा प्रसुती भएका नवजात शिशुका मध्य कम तौल (? २.५ के.जी.) भएको प्रतिशत | ० | ५.१ | ३.४ | NDHS 2016/DHIS2 |
| गर्भअवस्थामा १८० दिन आइरन फोलिक एसिड खाने महीलाको प्रतिशत | ५१ | ६१ | ९२.१ | NDHS 2016/DHIS2 |
| झाडापखाला कारण जिङ्क र ओ.आर.एस बाट उपाचार गरिएका ५ वर्ष मुनिका बच्चाहरुको प्रतिशत | ९६ | ९८.६ | १२७.८ | NDHS 2016/DHIS2 |
| प्रोटोकल अनुसार ४ पटक गर्भ जाँच गराउने महिलाहरुको प्रतिशत | ५६.५ | ६१.९ | ८४.१ | NDHS 2016/DHIS2 |
| नियमितरुपमा ३ पटक उत्तर प्रशुती जाच गराउनेको प्रतिशत | १६.३ | २४.१ | ५६.३ | NDHS 2016/DHIS2 |
| परिवार नियोजन सेवाका नयाँ सेवाग्राही ( विवाहित प्रजनन उमेरका महिलाहरु मध्य) | १२ | १८ | ४१ | NDHS 2016/DHIS2 |
| औषत आयू | ७१ | ६५.६ | NA | HDI Report 2014 |
| मानव बिकास सूचकाङक | ०.४९ | ०.४१ | NA | HDI Report 2014 |

उल्लेखित सुचकहरुमा समग्रमा नेपालले उल्लेखनीय सफलता हासिल गरिसकेको र स्वास्थ्य क्षेत्रमा मुलुक सकारात्मक बाटोमा अग्रसर भइरहेको देखिए तापनि बर्तमान अवस्था र अवश्यकताको अधारमा गुणस्तरीय स्वास्थ्य सेवाको लागि गर्नुपर्ने धेरै छ ।

## ४.चंखेली गाउँपालिकामा विद्यमान स्वास्थ्य समस्या तथा चुनौतीहरू:

### ४.१ समस्याहरु

- चंखेली गाउँपालिका भित्र भौगोलिक बिशिष्टता र समतामुलक हिसावले स्वास्थ्य संस्थाहरुको व्यवस्था हुन नसकेकोले सवै तह, वर्ग र क्षेत्रका समुदायको आधारभूत स्वास्थ्य सेवामा पहुँच समान किसिमले पुग्न सकेको छैन ।
- मौजुदा स्वास्थ्य संस्थाहरुको भौतिक अवस्था कमजोर भएको, समयानुकुल सुधार गर्न नसकिएको र न्यूनतम पुर्वाधार सहितको रोग निदान सेवा समेत उपलब्ध हुन सकेको छैन ।
- स्वास्थ्य संस्थाहरुमा दरवन्दी अनुसारका स्वास्थ्यकर्मीहरु पूर्ति हुन सकेका छैनन् । स्वास्थ्य संस्थामा स्वास्थ्यकर्मीहरुका लागि समुचित र उत्साहप्रद रुपमा काम गर्ने वातावरण सृजना हुन सकेको छैन ।
- भौगोलिक विकटता, औषधी भण्डारण ब्यवस्था (स्थान, कोल्डचेन आदि) को अभाव जस्ता कारणले गुणस्तरीय औषधिको आपुर्ति,  वितरण र उपलब्धता सहज र पहुँच योग्य हुन सकेको छैन ।
- चंखेली गाउँपालिकामा नसर्ने खालका रोगहरु जस्तै क्यान्सर, मुटु, मृगौला, मधुमेह, कलेजो, फोक्सोको रोग, दाँतको रोग, मानसिक रोगहरु, वात बढ्दै गएको अवस्था छ ।
- चंखेली गाउँपालिका भित्र रहेका पिछडिएका, गरीव, असहाय, अति दुर्गम भेगका नागरिकहरुका लागि स्वास्थ्य उपचार महगों पर्न गएको छ । अझ गम्भीर प्रकृतिका रोग लागेमा उपचार महंगो भई परिवार नै गम्भिर आर्थिक जोखिममा परि गरीबीमा जाने वा उपचार सेवा प्राप्त गर्न नसकि घरैमा बसी मृत्युवरण गर्नु परेको अवस्था पनि विद्यमान छ ।
- भौगोलिक बिकटता, उपयुक्त स्वास्थ्य सेवा उपलब्ध हुन नसक्नु र समयमा सेवा प्राप्त गर्न जान समेत कठिनाइकौ कारण नवजात शिशु, बाल स्वास्थ्य तथा मातृस्वास्थ्य जस्ता सेवामा पनि अपेक्षित लक्ष्य हासिल हुनसकेको छैन । अझै पनि यस चंखेली गाउँपालिकाका अधिकांश महिलाहरु घरैमा सुत्केरी हुने, किशोरावस्थामै बच्चा जन्माउने गरेको पाइएको छ ।
- चंखेली गाउँपालिकाका जडिबुटी एवं आयूर्वेदिक उपचार पद्दतीको उपयुक्त ब्यवस्थापन र सदुपयोग पनि हुन सकेको छैन ।
- जेष्ठ नागरिक तथा अपाङ्गता भएका ब्यक्तिहरुको स्वास्थ्य उपचार, किशोर किशोरीहरुको यौन तथा प्रजनन स्वास्थ्य, विद्यालय जाने उमेरका बालबालिकाको स्वास्थ्य प्रवर्द्धनका लागि उचित स्वास्थ्य सेवाको व्यवस्था हुन सकेको छैन ।
- स्वास्थ्य क्षेत्रमा भएको लगानीको समुचित सदुपयोग,  नागरिकले पाएको स्वास्थ्य सेवा र ऐन नियमका कार्यान्वयनको सम्वन्धमा नियमित र प्रभावकारी अनुगमन हुन सकेको छैन ।
- स्वास्थ्य क्षेत्रमा सुशासनका औजारहरु (पारदर्शिता, सामाजिक परिचालन, नागरिक बडापत्र, सार्बजनिक सुनुवाइ र नागरिकका गुनासाहरु सुन्ने तौरतरिका ) को उचित ब्यवस्थापन र समुचित प्रयोग हुन नसकेको अवस्थाले गर्दा आर्थिक अनियमितता, बेरुजु र जनतामा सार्वजनिक स्वास्थ्य सेवा प्रतिको असन्तुष्टी अझै कायम छ ।

## ४.२ चुनौतीहरु

- आधारभूत स्वास्थ्य सम्बन्धि अधिकारको समुचित ब्यवस्था मिलाउन र आकस्मिक स्वास्थ्य सेवाको बिस्तार र बिकास गरि पहुँच बृद्धि गर्न तथा मातृ र बाल मृत्युदर घटाउने कार्य चंखेली गाउँपालिका परिवेशमा चुनौतिपूर्ण रहेको छ ।
- परम्परागत धामी, झाँक्री प्रति गाउँपालिकाहरुमा अझैसम्म रहेको विश्वास र अभ्यासले गर्दा आधुनिक चिकित्सा पद्दती प्रति जनतामा खास गरेर दुर्गम भेगका गाउँपालिकाहरुमा विश्वास जगाउनु पर्ने चुनौती छ ।
- प्राकृतिक प्रकोप र महामारीका बखत समयमै पर्याप्त औषधि उपकरण पुर्‍याउन र सेवाको पहुँच कम भएका क्षेत्रमा बसोबास गर्ने नागरिकलाई समुचित मुल्यमा औषधी उपलब्ध गराउनु र यसको नियमन गर्नु पनि चुनौतिपूर्ण छ ।
- दुर्गम क्षेत्रमा नागरिकलाई सुलभ मुल्यमा औषधी उपलब्ध गराउनु र यसको नियमन गर्नु पनि चुनौतिपूर्ण छ ।
- भौगोलिक विकटता, शिक्षा र चेतनाको न्यून स्तर, सडक, विजुली, टेलिफोन, शुद्ध खानेपानीको अपर्याप्तता जस्ता बाधा अड्चनहरुले आधारभुत स्वास्थ्य सेवाको समुचित व्यवस्था गर्न चुनौतिपूर्ण अवस्था सृजना भएको छ ।
- खर्क, पाटन जस्ता ठाउमा बर्षेनि भेडाबाखा, चौरी चराउन लैजाने परिवारका ५ बर्ष मुनिका बच्चा हरुलाई नियमित खोप (समयानुकुल) खोप लगाउन नसक्नु ।
- ढुङ्गा खसेर वा भिरबाट लडेर हुने मानविय क्षेतिको समयमै आकस्मिक उपचार तथा उदार हुन नसक्नु ।

**४.३ अवसरहरु**

- चंखेली गाउँपालिका भित्रका सामाजिक, साँस्कृतिक तथा भौगोलिक बिशिष्टताका आधारमा नीति तथा योजना निर्माण गरी कार्यन्वयन गर्ने ।
- उपलब्ध जडीबुटीहरुको संकन प्रशोधन र उपभोगमा वृद्धि गरि आर्यूवेद तथा वैकल्पीक उपचार पद्मतिको पर्वद्धन गर्न सकिने ।
- स्वास्थ्य सेवालाई प्रभावकारी बनाउनको लागी गाउँपालिकाबाट यथेस्ट बजेट बिनियोजन हुनु ।
- स्वास्थ्य सुचना प्रणाली सुदृढिकरण हुँदै जाँदा स्वास्थ्य संस्था स्तरबाटै स्वास्थ्य व्यवस्थापन सुचना प्रविष्ठ गर्ने प्रणालीको विकास भएकोले तथ्यपरक निर्णय गर्ने प्रणालीको बिकास हुनु ।
- स्वास्थ्य संस्था नभएको वडाहरुमा सेवा प्रवाहको लागि आधारभूत स्वास्थ्य सेवा केन्द्र र सेवाको पहुच नपुगेको बस्तिहरुमा समुदायीक स्वास्थ्य ईकाई स्थापना भई सेवा प्रवाह हुनु ।
- स्थानीय सरकारले स्वास्थ्य क्षेत्रको बिकासलाई उच्च प्रथामिकतामा राख्नु ।

- दरवन्दि अनुसारको कर्मचारी नहुदा गाउँपालिकाले करारमा नियुक्त गरि सेवा प्रवाहमा नियमितता हुनु ।
- गाउँपालिकामा रहेका स्वास्थ्य संस्थाहरु, स्वास्थ्य कर्मिहरुले प्रदान गरेका स्वास्थ्य सेवाको गुणस्तरीयताको नियमित रुपमा अनुगमन, मूल्याकंन, सुपेरीवेक्षण गर्ने कार्यविधि तथा निर्देशिका तयार गरि कार्यान्वयनमा ल्याउने ।
- स्थानिय सरकारले साक्षर महिला स्वंयम सेबिको नियूक्ती गरी समुदायमा सेवा प्रवाह को चुस्तदुरुस्त अभिलेख र प्रतिदेन नियमित रुपमा पठाउने ।
- ६ वटै स्वास्थ्य संस्थाहरुबाट चौबिस घण्टा प्रशुतिसेवा नियमित संचालनमा आउनु ।
- चंखेली गाउँपालिका  सेवाको समानुपातिक वितरण, पहुँच र उपभोग बढाउन स्वास्थ्य क्षेत्रमा निजी तथा गैह्र सरकारी क्षेत्रसँगको साझेदारीलाई सदुपयोग गर्ने ।
- राजनैतिक परिवर्तन र संघियताको सन्दर्भमा स्थानीय स्तरबाटै स्रोत परिचालन र अनुगमन प्रणलिको बिकास हुनु ।

## ५. चंखेली गाउँपालिका नीतिको निर्देशक सिद्धान्त,भावी सोच, ध्येय, लक्ष्य तथा उद्धेश्यहरु

उल्लेखित समस्या, चुनौती तथा अवसरका आधारमा चंखेली गाउँपालिकाले स्वास्थ्य नीति तयार गर्दा यसका निर्देशक सिद्धान्त प्रतिपादन गरी सोही आधारमा नीति तथा रणनीति तय गरेको छ । प्रस्तुत निर्देशक सिद्धान्तका आधारमा चंखेली गाउँपालिकाको स्वास्थ्य नीति, २०७७ को कार्यान्वयन गरिनेछ ।

### ५.१ निर्देशक सिद्धान्त

- आधारभुत तथा गुणस्तरीय स्वास्थ्य सेवा मौलिक अधिकार
- समतामूलक र सामाजिक न्यायमा आधारित  स्वास्थ्य सेवा
- सार्वजनिक निजी साझेदारी
- वैकलपिक चिकित्सा पद्धतीको संरक्षण, प्रवर्धन तथा अनुसन्धान
- समानता र जवाफदेहिता, नागरिकको सहभागिता
- बहुक्षेत्रीय समन्वय र सहकार्य

### ५.२ भावी सोच (Vision)

चंखेली गाउँपालिकाका सबै नागरिकहरू शारीरिक, मानसिक, सामाजिक र भावनात्मक रूपमा स्वस्थ रही उत्पादनशील र गुणस्तरीय जीवन यापन गर्न सक्षम हुने ।

### ५.३ ध्येय (Mission )

संघ तथा प्रदेश सरकार, स्वास्थ्य सेवा प्रदायक, सेवाग्राही र सरोकारवालाहरू बीच समन्वय र रणनीतिक सहकार्य गरी नागरिकहरूको स्वस्थ्य रहन पाउने मौलिक अधिकारको सुनिश्चित गर्ने ।

### ५.४ लक्ष्य (Goal)

समतामुलक, न्यायसंगत तथा जवाफदेही स्वास्थ्य सेवा प्रणालीको माध्यमबाट चंखेली गाउँपालिकाका सवै नागरिकहरुलाइ गुणस्तरीय,स्वास्थ्य सेवामा पहुँच सुनिश्चित गरी उपभोगमा बृद्धि गर्ने

### ५.५ उद्देश्यहरू (Objectives)

१. चंखेली गाउँपालिकाका नागरिकलाई संविधान प्रदत्त स्वास्थ्य सम्बन्धि अधिकारको उपभोग गर्न पाउने वातावरण सृजना गर्ने,

२. चंखेली गाउँपालिकाका मातहतका सबै स्वास्थ्य संस्थाहरुबाट गुणस्तरीय स्वास्थ्य सेवा प्राप्त गर्न सक्ने गरी आवश्यक औषधी, उपकरण, प्रविधि र दक्ष स्वास्थ्यकर्मीहरू सहितको प्रभावकारी एवं जवाफदेहीपूर्ण स्वास्थ्य सेवा प्रणालीको स्थापना गर्ने,

३. स्वस्थ जीवन शैली, सरसफाइ, व्यवहार परिवर्तन र प्रभावकारी स्वास्थ्य सेवा मार्फत गाँउपालिकावासीको स्वास्थ्य प्रवर्द्धन गर्ने,

४. स्वास्थ्य क्षेत्रको आवश्यकता पहिचान, योजना तर्जुमा, ब्यावस्थापन र अनुगमनमा जनसहभागिता सुनिश्चित गर्ने,

५. स्वास्थ्य सेवा प्रवाहमा सरकारी नीजि, बहुपक्षीय साझेदारी तथा सहकार्य प्रवर्धन गर्ने ।

## ६. नीतिहरु

चंखेली गाउँपालिकाको विशिष्टिकृत भौगोलिक, सामाजिक, साँस्कृतिक तथा स्वास्थ्य सेवाका अन्य समस्या र चुनौतिहरुलाई सम्वोधन गरी नागरिकहरुलाई गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न गाउँ पालिकाले देहायका नीतिहरु अवलम्वन गरेको छ ।

**६.१** चंखेली गाउँपालिकाका सबै नागरिकलाई निःशुल्क आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवा प्रवाहको सुनिश्चित गरिने छ ।

**६.२** चंखेली गाउँपालिका भित्र विशेषज्ञ स्वास्थ्य सेवाको पहुँचलाई सहजीकरण गर्न न्युनतम पूर्वाधारसहितको निदानात्मक सेवाको ब्यवस्था तथा विस्तार गरिने छ ।

**६.३** सामाजिक, साँस्कृतिक तथा धार्मिक नेतृत्वलाई परिचालन गरी सेवाग्राहीहरुलाई स्वास्थ्य सेवा प्रणालीमा मुलप्रवाहीकरण गर्न उत्प्ररित गरिनेछ ।

**६.४** स्वास्थ्य सेवालाइ सहज, सर्वसुलभ र प्रभावकारी बनाउन चंखेली गाउँपालिका भित्र एक अस्पताल तथा जनसंख्या र भूगोलका आधारमा आवश्यक स्वास्थ्य संस्था /केन्द्र हरुको ब्यवस्था गरिनेछ ।

**६.५** जनस्वास्थ्यको संरक्षण र प्रवर्द्धन गर्नका लागि प्रवर्द्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, तथा पुनर्स्थापनात्मकसेवाको बिकास तथा बिस्तार गरी स्वास्थ्य सेवालाई जनताको सहज पहुँचमा पुऱ्याइने छ ।

**६.६** स्वास्थ्य क्षेत्रको जनशक्ति ब्यवस्थापनलाई थप प्रभावकारी बनाइनेछ ।

**६.७** आयुर्वेद लगायतका अन्य वैकल्पिक चिकित्सा पद्धती लाई प्रवर्धन र व्यवस्थित गरिनेछ ।

**६.८**. स्वास्थ्य सेवा प्रणालीलाइ सवल, सक्षम र सुदृढ बनाउन समयानुकुल प्रविधिमैत्री बनाउदै लगिनेछ ।

**६.९** स्वास्थ्य सूचना प्रणालीको सुदृढीकरण र स्वास्थ्य अनुसन्धान प्रवर्धन गर्दै सोबाट प्राप्त निश्कर्षका आधारमा स्वास्थ्य क्षेत्रको नीति, रणनीति र योजना निर्माण गरिनेछ ।

**६.१०** स्वास्थ्य बीमा कार्यक्रमलाइ प्रभावकारी बनाउदै सिमान्तकृत र वञ्चितिमा परेका नागरिकको स्वास्थ्य उपचारमा पर्ने  व्यक्तिगत व्ययभार कम गरिनेछ ।

**६.११** सरकारी तथा निजी क्षेत्रबाट संचालित स्वास्थ्य सेवाको गुणस्तर सुनिश्चित गर्न प्रभावकारी समन्वय, सहकार्य, अनुगमन तथा नियमन गर्ने व्यवस्था मिलाइनेछ ।

**६.१२** किटजन्य, संक्रामक लगायतका रोगहरुको रोकथाम, नियन्त्रण, निवारण र महामारी नियन्त्रण तथा विपद व्यवस्थापनका लागि साझेदारहरुसँगको समन्वयमा योजना बनाइ प्रभावकारी कार्यन्वयन गरिनेछ ।

**६.१३** स्वास्थ्य क्षेत्रमा चंखेली गाउँपालिकाको लगानी बृद्धि गर्दै संघ, प्रदेश तथा अन्य क्षेत्रको लगानीलाई व्यवस्थित गरी स्वास्थ्य सेवामा जनताले व्यक्तिगत खर्च गर्नुपर्ने अवस्थालाई न्यूनीकरण गर्दै लगिनेछ ।

**६.१४** स्वास्थ्य क्षेत्रमा सुशासन कायम गर्दै स्वास्थ्य सेवालाई जनमुखी एवं परिणाममुखी बनाउदै लगिनेछ ।

**६.१५** स्थानिय स्तरमा उत्पादन हुने (रैथाने) खाद्यबस्तुलाई प्रवर्धन गर्दै  चंखेली गाउँपालिकाबासीको पोषण अवस्था सुधार गर्न गुणस्तरीय, स्वास्थ्यबर्द्धक र पौष्टिक खानाको  पहुँच र उपभोगमा  बृद्धि गरिनेछ ।

**६.१६** फोहरमैलाको उचित ब्यवस्थापन, वातावरणीय स्वास्थ्य सरसफाइ प्रवर्धन गरी जनस्वास्थ्यमा पर्ने प्रतिकुल असरहरुलाई न्युनीकरण गर्दै लगिनेछ ।

**६.१**७ जनसांख्यिक स्थिती र वितरणको आधारमा स्वास्थ्य सेवा र कार्यक्रमहरु तर्जुमा गरिनेछ ।

**७. नीति अर्न्तगतका रणनीतिहरुः**

**नीति ७.१. चंखेली गाउँपालिकाका सबै नागरिकलाई निःशुल्क आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवा प्रवाहको सुनिश्चित गरिने छ ।**

७.१.१ स्वास्थ्य संस्थाहरुलाई बाल, किशोर-किशोरी, अपांग तथा जेष्ठ नागरिक मैत्री पूर्वाधार सहितको संस्थाको रुपमा विकास गरिने छ ।

७.१.२ संघ तथा प्रदेश सँग समन्वय गरी आकस्मिक स्वास्थ्य सेवा प्रदान गर्न न्यूनतम मापदण्ड अनुसारको एम्वुलेन्स सेवा सहित प्रेषण प्रणाली सुदृढ गरीने छ ।

७.१.३ तोकिएका आधारभूत स्वास्थ्य सेवाहरुलाई प्रभावकारी बनाउन स्वास्थ्य संस्थाको क्षमता, कर्मचारीहरुको योग्यता तथा सिप र गुणस्तर अभिवृद्धिका लागि संघ तथा प्रदेश सँग आवश्यक समन्वय, सहकार्यमा स्रोत व्यवस्थापन र परिचालन गरीने छ ।

७.१.४ चंखेली गाउँपालिकाले वडाहरुसंग समन्वय गरी हरेक वडामा स्वास्थ्य सेवाको पहुँच पुग्न नसकेका नागरिकलाई लक्षित गरि स्वास्थ्य स्वयंसेवक, बिद्यालय नर्स जस्ता मानव संसाधनको व्यबस्था मार्फत टोल वस्तीमा स्वास्थ्य सेवा प्रवाह गरिनेछ ।

७.१.५ चंखेली गाउँपालिका र स्थानीय तहको सहकार्यमा निःशुल्क स्वास्थ्य कार्यक्रम, आधारभूत स्वास्थ्य सेवा कार्यक्रमको कार्ययोजना लागू गरिनेछ ।

७.१.६ चंखेली गाउँपालिकाले सघ तथा प्रदेश सरकारको समन्वय र सहकार्यमा निःशुल्क स्वास्थ्य कार्यक्रम, आधारभूत स्वास्थ्य सेवा, स्वास्थ्य बीमा एवं सामाजिक स्वास्थ्य सुरक्षाका सेवाहरुलाई सामन्जस्यपूर्ण ढंगले संचालन गरिनेछ ।

**नीति ७.२ चंखेली गाउँपालिका भित्र विशेषज्ञ स्वास्थ्य सेवाको पहुँचलाई सहजीकरण गर्न न्युनतम पूर्वाधार सहितको निदानात्मक सेवाको ब्यवस्था तथा विस्तार गरिने छ ।**

७.२.१ संघीय स्वास्थ्य निति अनुरुप चंखेली गाउँपालिकामा १५ सयैको अस्पताल स्थापना गरिनेछ ।

७.२.२ चंखेली गाउँपालिका भित्रका साबिकका स्वास्थ्य संस्थाहरु स्तरोन्नती गरी विशेषज्ञ सेवा विस्तार गरि निदान तथा उपचार पद्दती सुदृढ गरिने छ ।

७.२.३ प्रत्येक स्वास्थ्य संस्थामा मापदण्ड अनुरुप आधारभूत प्रयोगशाला सेवाको स्थापना गरी निदानात्मक सेवा बिस्तार गरीने छ ।

.७.२.४ मानसिक स्वास्थ्य, मुख, आँखा, नाक, कान, घाँटी स्वास्थ्य सेवा लगाएतका विशेष उपचार सेवालाई विकास र विस्तार गर्न चिकित्सको व्यवस्था मिलाई गाउँपालिका बासिलाई सेवा प्रदान गरीने छ ।

७.२.५ गाउँपालिकाभित्र रहेका सबै वडा तथा पहुँच बाहिर रहेका दुर्गम ग्रामीण भेगका वस्तीहरुमा निःशुल्क घुम्ती स्वास्थ्य शिविर संचालन गरि विशेषज्ञ सेवा बस्ती स्तर सम्म पुर्याईनेछ ।

७.२.६ विपन्न वर्गहरुमा कडा तथा असामान्य रोगहरुको विशिष्टकृत सेवाका लागि आर्थिक सहायता सहित प्रेषण प्रणालीमा सुढृढ गरिनेछ ।

**नीति ७.३. सामाजिक, साँस्कृतिक तथा धार्मिक नेतृत्वलाई परिचालन गरी सेवाग्राहीहरुलाई स्वास्थ्य सेवा प्रणालीमा मुलप्रवाहीकरण गर्न उत्प्ररित गरिनेछ ।**

७.३.१ सामाजिक, साँस्कृतिक तथा धार्मिक नेतृत्वलाई स्वास्थ्य प्रवर्धन, सर्ने तथा नसर्ने रोगको बारेमा अभिमुखिकरण गर्दै लगिने छ ।

७.३.२ सामाजिक, साँस्कृतिक तथा धार्मिक नेतृत्वलाई उनीहरुले गर्दै आएको सकारात्मक परम्परागत पद्धतिका साथै स्वास्थ्य संस्थामा प्रेषण गर्ने कृयाकलापलाई प्रोत्साहन गरिने छ ।

७.३.३ धाँमी झाँक्री, लामा, गुरु, पुजारी, मौलाना लगायतका सेवा प्रदायकलाई जनस्वास्थ्य अभियानहरुमा सहभागी गराइने छ ।

७.३.४ छाउपडी, बाल बिवाह र कम उमेरमै गर्भवती हुने महिलाको स्वास्थ्यमा प्रतिकुल असर पार्ने खालका ब्यबहार परिबर्तका लागि चेतनामुलक कार्यक्रमहरुलाई प्रभाबकारी रुपमा सञ्चालन गरीने छ ।

७.३.५ स्वास्थ्य बिमा लगायत अन्य योजनाहरु मार्फत विशेषज्ञ स्वस्थ्य सेवाको पहुँचमा बृद्धि गरी स्वास्थ्य उपचार कोषको माध्यमद्वारा विपन्न र असहाय वर्गको सेवामा पहुँच सुनिश्चितता गरीने छ ।

७.३.६ पिछडिएको वर्ग, क्षेत्र र समुदायका लागि स्वास्थ्य सेवामा पहुँच अभिवृद्धि गर्न आवश्यकता अनुरुप स्वास्थ्य सेवा केन्द्रहरुको स्थापना, स्वास्थ्य शिविरको सञ्चालन तथा आधुनिक सूचना तथा , विधिको प्रयोग गरी स्वास्थ्य सेवा उपलव्ध हुने व्यवस्था मिलाईने छ ।

७.३.७ लक्षित समुदायमा स्वास्थ्य सम्बन्धी चेतना अभिबृद्धि गर्दै सेवाको उपयोग बृद्धि गर्न तत् समूदायका स्वास्थ्यकर्मिहरुलाई प्राथमिकता दिई सोही समूदायमा परिचालन गर्ने योजना बनाई लागू गरीनेछ ।

**नीति ७.४. स्वास्थ्य सेवालाइ सहज, सर्वसुलभ र प्रभावकारी बनाउन चंखेली गाउँपालिका भित्र जनसंख्या र भूगोलका आधारमा आवशयक स्वास्थ्य संस्था/केन्द्र हरुको ब्यवस्था गरिनेछ ।**

७.४.१ भुगोल, जनघनत्वक र समाजिक नक्साअङ्कनको आधारमा आधारभूत स्वास्थ्य सेवा प्रदान गर्न सामुदायीक स्वास्थ्य ईकाई र आधारभुत स्वास्थ्य केन्द्रहरुको स्थापना तथा विस्तार गरिनेछ ।

७.४.२ प्रत्येक स्वास्थ्य संस्थाको भौतिक पुर्वाधार, इन्टरनेट सेवा उपकरण, कर्मचारी आवासको राष्ट्रिय मापदण्ड अनुसार क्रमागत रुपमा व्यवस्था गरिने छ ।

७.४.३ प्रभावकारी स्वास्थ्य सेवा प्रवर्धनका लागि नमुना गाउँ, नमुना वडा, नमुना स्वास्थ्य संस्था, नमुना अस्पताल, उत्कृष्ठ अभियान शुरुगरि क्रमबद्ध रुपमा बिस्तार गरिने छ ।

७.४.४ आपूर्ति व्यवस्थापन प्रणाली विकास गरि औषधी खोप तथा अन्य स्वास्थ्य सामाग्रीहरूको प्रभावकारी सप्लाइ चेन व्यवस्थापन गरिनेछ ।

७.४.५ चंखेली गाउँपालिका भित्रका सम्पूर्ण स्वास्थ्य संस्थाहरुमा खानेपानी, बिजुली (वैकल्पिक व्यवस्था सहित), मापदण्ड अनुसार फोहोरमैला बिसर्जन गर्ने व्यवस्था गरिने छ ।

**नीति ७.५.जनस्वास्थ्यको संरक्षण र प्रवर्द्धन गर्नका लागि प्रवर्द्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, तथा पुनर्स्थापनात्मक सेवाको बिकास तथा बिस्तार गरी स्वास्थ्य सेवालाई जनताको सहज पहुँचमा पुर्‍याइने छ ।**

७.५.१ राष्ट्रिय तथा प्रादेशिक लक्ष अनुसार चंखेली गाउँपालिकाका हरेक वडाहरुमा हाल संचालित सुरक्षित मातृत्व, बाल स्वास्थ्य, पोषणसंग सम्बन्धीत कार्यक्रमलाई वडा, स्वास्थ्य सँस्था र स्वास्थ्य कार्यालय संग समन्वय गरी प्रभाबकारी रुपले संचालन गर्ने ब्यबस्था मिलाइने छ ।

७.५.२ बिद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम (बिद्यालय पोषण-दिवा खाजा, जुकाको औषधि वितरण,स्वास्थ्य परीक्षण, किशोर किशोरी सेवा) संचालन गरिनेछ र यी कार्यक्रमलाई प्रभाबकारी बनाउनका लागि विद्यालय नर्स कार्यक्रम लागू गरिनेछ ।

७.५.३ मातृमृत्यु दर, नवजात शिशु मृत्युदर र बाल मृत्युदर जस्ता महत्वपूर्ण सुचकाङ्कहरुमा आधारित लक्षहरु तय गरि आवधिक कार्ययोजना तयार गरि लागू गरिनेछ ।

७.५.४ सामुदायीक स्वास्थ्य इकाइ तथा आधारभूत स्वास्थ्य केन्द्रहरुबाट प्रवाह हुने सेवालाई बृद्धि गरी सरसफाई प्रबर्द्धन, स्वस्थ व्यवहार प्रबर्द्धन, तथा स्वास्थ्य प्रदर्शनीको रुपमा बिस्तार गरिनेछ ।

७.५.५ बर्थिङ सेन्टर प्रसुती केन्द्रहरुलाई रणनैतिक स्थानमा संचालनका लागि मानव श्रोत तथा भौतिक साधन सम्पन्न गराइनेछ । प्रसुती केन्द्रहरूमा आमाघर तथा स्तर अनुसार नवजात शिशु कर्नर को सुबिधा उपलब्ध गराइनेछ ।

७.५.६ नवजातशिशु तथा बाल रोगको एकिकृत ब्यवस्थापनलाई सुदृढ गर्दै प्रभावकारी कार्यान्वयन गरिनेछ ।

७.५.७ उत्तर प्रशुति सेवा बढाउन PNC home visit कार्यक्रमलाई प्रभाबकारी रुपमा कार्यान्वयन भएको सुनिश्चितता गरिनेछ ।

७.५.८ सुर्तिजन्य पदार्थ, मादक पदार्थ र अन्य स्वास्थ्यलाई हानी गर्ने वस्तुहरुको उत्पादन तथा किनवेच लाई निरुत्साहीत गरी यसको प्रयोगलाई सार्वजनिक संस्था र स्थानमा निषेध गरिनेछ । यस्ता वस्तुको उत्पादन, विक्रि वितरण र प्रयोग नियन्त्रण तथा नियमन गर्ने कानून बनाई कार्यान्वयन गरिनेछ ।

७.५.९ बढदो नैराश्यता तथा मानसिक रोगलाई न्यूनीकरण गर्न प्राथमिक मानसिक स्वास्थ्य सेवालाई सबै तहका स्वास्थ्य संस्थाबाट प्रवाह गर्ने ब्यवस्था मिलाइनेछ साथै निश्चित स्थान र समयमा बिशेषज्ञ मानसिक स्वास्थ्य सेवा शिविर संचालन गरिनेछ ।

७.५.१० Package of Essential Noncommunicable Disease (PEN) कार्यक्रमलाई प्रभावकारी रुपमा लागू गरिने छ । उच्च रक्तचाप, मधुमेह, मिगौला रोग, मुटुरोग अर्वुदरोग, दम, मोटोपना जस्ता नसर्ने रोगहरुको निदान, उपचार र व्यवस्थापन गर्न विशेष एकिकृत अभियान संचालन गरिने छ ।

७.५.११ स्वस्थ्य जीवनशैली, शारीरिक व्यायाम, उचित खानपान, नियमित स्वास्थ्य परीक्षण जस्ता स्वास्थ्य प्रर्वधनका कृयाकलापहरू स्वास्थ्य संस्था तथा वडासँग समन्वय गरी नियमित कार्यक्रममा समावेश गरि संचालन गरिने छ ।

७.५.१२ चंखेली गाउँपालिकाका वडाहरुसंग समन्वय गरी हरेक वडा तथा स्वास्थ्य सेवाको पहुँच पुग्न नसकेका नागरिकलाई लक्षित गरि .सामुदायिक नर्स मार्फत टोल वस्तीमा स्वास्थ्य सेवा प्रवाह गरिनेछ ।

७.५.१३ मौसमी बसाई सराई, श्रम बसाई सराई, यार्सा एवं जडिबुटी संकलन समयको लागि आधारभूत स्वास्थ्य सेवा घुम्ती स्वास्थ्य क्लिनिकहरु मार्फत प्रदान गरिने छ ।

७.५.१४ चंखेली गाउँपालिका भित्र स्वास्थ्य संस्था तथा सबै बिद्यालयहरुमा बाल तथा अपाङ्ग मैत्रि स्वच्छ खानेपानी तथा सौचालयको व्यवस्था गरिने छ ।

७.५.१५ नागरिकको आनिबानी र व्यवहारलाई सम्बोधन गर्न स्वास्थ्य सम्बन्धी सन्देश र सामाग्री उत्पादन प्रसारण र नियमन गरिनेछ ।

**नीति ७. ६.स्वास्थ्य क्षेत्रको जनशक्ति ब्यवस्थापनलाई थप प्रभावकारी बनाइनेछ ।**

७.६.१ स्वास्थ्य संस्थामा आधारभुत सेवाहरु प्रवाह गर्न आवश्यक जनशक्तिको निरन्तर उपलब्धताको सुनिश्चितता गरिनेछ जसको लागि सेवा करार, पुल दरबन्दि जस्ता उपायहरुको अवलम्बन गरिनेछ ।

७.६.२ बिशेषज्ञ तथा मध्यम स्तरका स्वास्थ्य जनशक्ती ब्यवस्थापनका लागि संघिय, प्रदेश सरकार एवं शिक्षालयसंग समन्वय र सहकार्य गरिने छ ।

७.६.३ चंखेली गाउँपालिकाभित्र कार्यरत स्वास्थ्यकर्मीको स्तरअनुसारको समुचित व्यवस्थापन गरिनेछ ।

७.६.४ स्वास्थ्य जनशक्तिको क्षमता अभिवृद्धीको लागि सेवाकालीन तालिम, पेशागत वृत्ती विकास तथा कार्य सम्पादनमा आधारित प्रोत्साहनलाई प्रर्वद्धन गरिनेछ

७.६.५ आवश्यकता अनसुार स्वास्थ्यकर्मीको प्राविधिक तथा ब्यवस्थापकीय क्षमता विकासका कार्यक्रम संचालन गरिनेछ ।

७.६.६ स्वास्थ्य क्षेत्रमा कार्यरत कर्मचारीमा आफ्ने काम कर्तब्य प्रति थप जवाफ देही र जनमुखी बनाउन नतिजामा आधारित कार्य सम्पादन तथा मूल्याङ्कन प्रणालिको विकास गरिने छ ।

७.६.७ स्वास्थ्य सेवालाई पालिकाको परिवेश अनुकुल तथा समय सापेक्ष बनाउन स्वास्थ्य संस्थाहरुको संगठन तथा ब्यबस्थापन सर्वेक्षण गरि बैज्ञानिक आधारमा संगठनात्मक संरचना तथा जनशक्तिको दरबन्दी परिमार्जन गर्ने ब्यबस्था मिलाईने छ ।

**नीति ७.७.आयुर्वेद लगायतका अन्य वैकल्पिक चिकित्सा पद्धती लाई प्रवर्धन र व्यवस्थित गरिनेछ ।**

७.७.१ जडीबुटी, आयुर्वेद औषधि तथा स्वास्थ्य सम्बन्धी विभिन्न स्थानीय परम्परागत ज्ञान-सीप-प्रविधिका बारेमा अध्ययन गरी वैकल्पिक चिकित्सा पद्धतीको अनुसन्धान गरिनेछ ।

७.७.२ आवश्यकता र औचित्यका आभारमा विभिन्न स्थानमा जडीबुटीको व्यावसायिक खेती, संकलन एवं भण्डारण मा निजी क्षेत्रलाई प्रोत्साहन गरिने छ

७.७.३ आयुर्वेद तथा वैकल्पिक चिकित्सा सेवा प्रदान गर्न आयुर्वेद तथा वैकल्पिक चिकित्सालयको स्थापना गरिने छ ।

७.७.४ चंखेली गाउँपालिकामा आयूर्वेद बैकल्पिक चिकित्सा पद्धतीको विधिलाई क्रमशः नियमित स्वास्थ्य सेवा संग एकिकृत गरि सर्वशुलभ तथा सहजरुपमा स्वास्थ्य सेवा प्रवाह गरिनेछ ।

**नीति ७.८.स्वास्थ्य सेवा प्रणालीलाइ सवल, सक्षम र सुदृढ बनाउन समयानुकुल प्रविधिमैत्री बनाउदै लगिनेछ ।**

७.८.१. हट लाइन, टेलिमेडिसिन, सेलिमेडिसिन लगाएतका सेवाहरु संचालन गरी सेवालाइ थप प्रभावकारी बनाइनेछ ।

७.८.२ दुर्गम क्षेत्रमा सुलभ फार्मेसी सेवा बिस्तार गर्न प्रोत्साहन गरिनेछ र स्वास्थ्य संस्थाहरुमा फार्मेसी थप व्यवस्थित गरिने छ ।

७.८.३ गाउँपालिका भित्रका सबै स्वास्थ्य संस्थाहरुमा न्युनतम सेवा मापदण्ड लागु गरी सोही अनुसारको स्वास्थ्य सेवा प्रवाहको सुनिश्चित गरीनेछ ।

७.८.४ चंखेली गाउँपालिकाका स्वास्थ्य शाखा तथा स्वास्थ्य संस्थाहरुमा इन्टरनेट को पहुँच बिस्तार गरि स्वास्थ्य संस्थाहरुबाट नै Online reporting लाई बिस्तार तथा नियमित गरिनेछ ।

७.८.५ चंखेली गाउँपालिका भित्रका स्वास्थ्य संस्थाहरुबाट प्रवाह गरिने स्वास्थ्य सेवाहरुमा बिद्युतीय अभिलेख तथा प्रतिवेदन गर्ने प्रणालीको विकास गर्दै लगिने छ ।

७.८.६ सबै वडाहरुमा हुने पञ्जिकरण विधिलाई अत्याधुनिक प्रबिधि सहित अभिलेख गर्ने व्यवस्था सुनिश्चित गरिनेछ ।

**नीति ७.९.स्वास्थ्य सूचना प्रणालीको सुदृढीकरण र स्वास्थ्य अनुसन्धान प्रवर्धन गर्दै सोबाट प्राप्त निश्कर्षका आधारमा स्वास्थ्य क्षेत्रको नीति, रणनीति र योजना निर्माण गरिनेछ ।**

७.९.१ चंखेली गाउँपालिका भित्र स्वास्थ्य सम्बन्धि सूचना प्रणलीलाइ ब्यवस्थित गर्दै लगिने छ ।

७.९.२ चंखेली गाउँपालिकाको एकीकृत स्वास्थ्य सुचना प्रणालीमा सूचनाको शुद्धता, समय बद्धता र पूर्णतामा निगरानी गरि गुणस्तरीय बनाइनेछ ।

७.९.३ स्वास्थ्य संस्था तथा स्वास्थ्यकर्मी तथा अनुसन्धानकर्तालाई प्रोत्साहित गर्न उत्कृष्ट अनुसन्धानकर्ता एवं संस्थालाई पुरस्कृत गरिनेछ ।

७.९.४ चंखेली गाउँपालिकामा स्वास्थ्य सूचना प्रणाली तथा अनुसन्धानबाट आएका निष्कर्ष तथा राष्ट्रिय प्रतिबद्धतालाई योजनामा समावेश गरी कार्यान्वयन गरिनेछ ।

७.९.५ स्वास्थ्य सुचना प्रणालीलाई थप सुदृढीकरण गरी तथ्यमा आधारित योजना तर्जुमा गरी प्रभावकारी रुपमा कार्यन्वयन गरिने छ

**नीति ७.१०.स्वास्थ्य बीमा कार्यक्रमलाइ प्रभावकारी बनाउदै सिमान्तकृत र वञ्चितिमा परेका नागरिकको स्वास्थ्य उपचारमा पर्ने ब्यक्तिगत ब्ययभार कम गरिनेछ ।**

७.१०.१ स्वास्थ्य बीमाको दायरा बढाइ गाउँ/नगर पालिकाका सबै नागरिकको स्वास्थ्य बीमामा आबद्ध गराइनेछ ।

७.१०.२ संघीय तथा प्रादेशिक सरकारसँगको समन्वयमा स्वास्थ्य विमा कार्यक्रमलाइ थप प्रभावकारी बनाउदै लगिनेछ ।

७.१०.३ अति गरीब, विपन्न तथा लोप उन्मुख समुदायहरुलाई तोकिएको मापदण्ड अनुसार निःशुल्क स्वास्थ्य विमाको व्यवस्था गरीनेछ ।

**नीति ७. ११.सरकारी तथा निजी क्षेत्रबाट संचालित स्वास्थ्य सेवाको गुणस्तर सुनिश्चित गर्न प्रभावकारी समन्वय, सहकार्य, अनुगमन तथा नियमन गर्ने ब्यवस्था मिलाइनेछ ।**

७.११.१ निजी उपचार प्रदान गर्ने संस्था (एलोपेथिक, आयुर्वेदिक, प्राकृतिक तथा अन्य बैकल्पिक सेवा) निदानात्मक सेवा, प्रयोगशाला सेवा, थेरापी सेवा प्रदायक संस्थाहरुको लागी मापदण्ड, निर्देशिका बनाई सोही अनुसार दता गर्ने, संचालन अनुमति दिने तथा तथा नियमन् गर्ने व्यवस्था मिलाईने छ ।

७.११.२ चंखेली गाउँपालिकामा एक जना जनस्वास्थ्य निरिक्षकको व्यवस्था गरी स्वास्थ्य प्रवर्घन, अनुगमन तथा क्षमता अभिबृद्धी गर्ने कार्यमा परिचालन गरिने छ ।

७.११.३ चंखेली गाउँपालिकाभरिमा सम्पुर्ण स्वास्थ्य संस्थाहरुको नियमन, नियमित अनुगमन, मूल्यांकन गर्न निर्देशिका बनाइ सोही अनुसार लागू गरिनेछ ।

११.११.४ स्वास्थ्य क्षेत्रमा निजी तथा गैरसरकारी क्षेत्रको लगानीलाइ प्रभावकारी बनाइनुका सहकार्य तथा साझेदारी गर्न प्रोत्साहन गरीने छ ।

**नीति ७.१२.किटजन्य, संक्रामक लगायतका रोगहरुको रोकथाम, नियन्त्रण, निवारण, र महामारी नियन्त्रण तथा विपद व्यवस्थापनका लागि साझेदारहरुसँगको समन्वयमा योजना बनाइ प्रभावकारी कार्यन्वयन गरिनेछ ।**

७.१२.१ महामारी, विपद वा प्रकोपको जोखिम नक्साङ्कन गरी जोखिम न्यूनीकरणका लागि बहुपक्षीय सहकार्यमा गाउँपालिकाको प्रतिकार्य योजना तथा आपतकालिन पूर्व तयारी कार्ययोजना निर्माण तथा पूर्व योजना तयार गरि वडा स्तर सम्म कार्यान्वयन गरीने छ ।

७.१२.२ प्राकृतिक प्रकोप, महामारी र सडक दुर्घटना जस्ता आकस्मिक स्वास्थ्य सेवालाई तत्काल व्यवस्थापन गर्ने व्यवस्था गरिनेछ र चंखेली गाउँपालिका भित्रका रणनितिक स्थानहरूमा आकस्मिक स्वास्थ्य अवस्थामा आवश्यक पर्ने औषधी, उपकरण तथा अन्य सामाग्रीको जगेडा को रूपमा राखिनेछ ।

७.१२.३ चंखेली गाउँपालिका तथा वडा स्तरिय द्रुत प्रतिकार्य टोली तथा अन्य उद्दार टोली संग समन्वय गर्दै आवश्यकता अनुसार परिचालन गरीनेछ ।

७.१२.४ दुर्गम क्षेत्रबाट आकस्मिक स्वास्थ्य अवस्था परि संकटमा रहेका (सुत्केरी बेथा, चोटपटक) को अवस्थामा हवाई माध्यमबाट उद्धार गर्न प्रदेश सरकार सँग समन्वय गरिनेछ ।

७.१२.५ संक्रामक रोगहरुको रोकथाम, नियन्त्रण र निवारण गर्न सम्बन्धी कार्यक्रम कार्यान्वनयनको अनुगमन गरी सोको प्रभावकारी रुपमा संचालन गरिने छ ।

७.१२.६ समयमै रोगको पहिचान गर्न नियमित तथा बिशेष शिबिरहरु मार्फत स्वास्थ्य संस्थाहरुमा स्क्रिनिङ सेवाहरु संचालन गरिनेछ ।

७.१२.७ खोपबाट गर्न सकिने रोगहरुको रोकथाम नियन्त्रणका तथा निवारणका लागि निगरानी कार्य गरी चंखेली गाउँपालिकालाई पूर्णखोप सुनिश्चित चंखेली गाउँपालिका घोषणा गरिनेछ र यसलाई निरन्तरता दिइने छ ।

७.१२.८ जलबायू परिबर्तनबाट स्वास्थ्यमा पर्ने प्रतिकुल प्रभाबको बारेमा सचेतना बृद्धि गरी असर न्यूनिकरणका कार्यहरु गरीने छ ।

**नीति ७.१३.स्वास्थ्य क्षेत्रमा चंखेली गाउँपालिकाको लगानी बृद्धि गर्दै संघ, प्रदेश तथा अन्य क्षेत्रको लगानीलाई व्यवस्थित गरी स्वास्थ्य सेवामा जनताले व्यक्तिगत खर्च गर्नुपर्ने अवस्थालाई न्यूनीकरण गर्दै लगिनेछ ।**

७.१३.१ महिनावारी भएको बेला छात्राहरुको बिद्यालय उपथितिमा निरन्तरता दिन निशुल्क सेनटिरी प्याड वितरणको ।

७.१३.२ अपांगहरुको लागी आवश्यकता अनुसारको सहयोगी उपचार व्यवस्था, सहयोगी सामाग्री व्यवस्था मिलाइनेछ ।

७.१३.३.प्रेषण प्रणाली लाइ ब्यवस्थित बनाइ दुर्गम क्षेत्रबाट उपचारका लागि अन्यत्र प्रेषण भएका विरामीहरुको सहजिकरण र ब्यवस्थापन गरिने छ ।

७.१३.४ लैंगिक हिंसामा परेका, वेवारिसे जेष्ठ नागरिक, अलपत्र अवस्थाका बालबालिका, मानसिक समस्या भइ सडकमै रहेका असहाय व्यक्तिहरूलाइ अल्पकालीन स्वास्थ्य व्यवस्थापन एवं हेरचाहको लागि निजी सरकारी सहकार्यमा चंखेली गाउँपालिका पुर्नस्थापना केन्द्र स्थापना एवं संचालन गरिने छ ।

७.१३.५ संघ तथा प्रदेश सँग समन्वय गरी आकस्मिक स्वास्थ्य सेवा प्रदान गर्न न्यूनतम मापदण्ड अनुसारको एम्वुलेन्स सेवा सहित प्रेषण प्रणाली सुदृढ गरीने छ ।

.७.१३.६चंखेली गाउँपालिकाको कुल बजेटको कम्तिमा १५ प्रतिशत बजेट स्वास्थ्य क्षेत्रका लागि सुनिश्चित गरी सो बजेटमा क्रमश बृद्धि गरिनेछ ।

७.१३.७ अति गरिब, असहाय, द्वन्द पीडित जातीलाई चंखेली गाउँपालिकाले परिचयपत्र प्रदान गरीसम्पूर्ण स्वास्थ्य सेवा निःशुल्क गरिने छ ।

**निति ७.१४.स्वास्थ्य क्षेत्रमा सुशासन कायम गर्दै स्वास्थ्य सेवालाई जनमुखी एवं परिणाममुखी बनाउदै लगिनेछ ।**

७.१४.१स्वास्थ्य सेवा प्रदायक ब्यक्ति र संस्थाहरुको सुरक्षाको लागि प्रचलित कानुनी ब्यवस्थालाई चंखेली गाउँपालिकाभर प्रभावकारी रुपमा लागू गरिनेछ ।

७.१४.२स्वास्थ्य पूर्वाधार निर्माणमा हुने ढिलासुस्ती तथा गुणस्तरहिन कार्यलाई निरुत्साहित गरिने छ । स्वास्थ्यकर्मिलाई आफ्नो काम, कतब्य प्रति जवाफदेही बनाईने छ ।

७.१४.३स्वास्थ्य सुशासन कायम गर्नको लागी सामाजिक पररिक्षण, सार्बजनिक सुनुवाई नागरिक बडापत्रको गरिनेका साथै सेवाका प्रवाहमा सेवाग्राहीहरुको गुनासो तथा पृष्ठपोषण संकलन गरि सम्वोधन गर्ने प्रणालीको विकास गरीनेछ ।

७.१४.४स्वास्थ्य संग सम्बन्धीत राष्ट्रिय र अन्तराष्ट्रिय गैर सरकारी संघ संस्था तथा दातृ निकायहरुलाई जनतामुखी र परिणाममूखी कार्य गर्नको लागि उत्पेरित गरिने छ ।

७.१४.५चंखेली गाउँपालिका भित्रका नागरिकलाई स्वास्थ्य सम्बन्धि सूचनाको हक तथा सेवाग्राहीले उपचार संबन्धि जानकारी पाउने हक सुरक्षित गर्न सूचना तथा संचार कार्यलाई प्रभावकारी कार्यान्वयन गरिनेछ ।

७.१४.६स्वास्थ्य संस्था संचालन तथा ब्यवस्थापन समिति र समितिका सदस्यहरुको क्षमता अभिबृद्धि गरि सशक्त एवं जिम्बेवार वनाइ सेवा सुदृढ गरिनेछ ।

**नीति ७.१५ स्थानिय स्तरमा उत्पादन हुने (रैथाने) खाद्यबस्तुलाई प्रवर्धन गर्दै चंखेली गाउँपालिकाबासीको पोषण अवस्था सुधार गर्न गुणस्तरीय, स्वास्थ्यबर्द्धक र पौष्टिक खानाको पहुँच र उपभोगमा बृद्धि गरिनेछ ।**

७.१५.१ कर्णाली प्रदेशले लिएको प्राङ्गारीक प्रदेश बनाउने नीतिलाई अवलम्बन गर्दै किटनाशक बिषादीको प्रयोगलाई निरुत्साहित गरिने छ र जैविक विषादी तथा मलखाद उत्पादनको लागि कृषि शाखाको समन्वयमा प्रवद्धनात्मक कार्यहरु गरीनेछ ।

७.१५.२ खाद्य विविधीकरणमा जोड दिदै स्थानीय तहसंग समन्वय र सहकार्य गरी पोषण व्यवहार परिवर्तन गर्ने तथा पत्रु खाना लाई निरुत्साहित गर्ने सम्बन्धी कार्यक्रमहरु नियमित रुपमा संचालन गरिनेछ ।

७.१५.३ अर्गानीक तथा पोषणयुक्त खाद्यवस्तुको उत्पादन वृद्धि गर्न, हरित गृह तथा प्रत्येक परिवारमा सुधारीएको करेशाबारी निर्माण गर्न र खानामा विविधीकरण गरि उपभोग गर्न प्रोत्साहित गरिनेछ ।

७.१५.४ पोषणयुक्त बाल पौष्टिक आहार, दिवा खाजा लगायतका अन्य खाद्य पर्दाथ उत्पादनका लागि पोत्साहन गरिनेछ र सोको गुणस्तर कायम गर्ने प्रावधान बनाईनेछ ।

७.१५.५ वडा समितिहरुसंग समन्वय र सहकार्य गरी स्थानीय स्तरमा उपलब्ध पौष्टिक तत्वयुक्त खाद्य पर्दाथ उपयोग गर्नका लागि उत्प्रेरित गरिनेछ । यस्ता खाद्य पदार्थ प्रसोधन तथा बजारीकरणका लागी साना किसान/व्यवसायी अनुदान कार्यक्रम संचालन गरिनेछ ।

७.१५.६ बहु क्षेत्रीय पोषण कार्यक्रम, एकिकृत शिघ्र कुपोषण व्यवस्थापन कार्यक्रम लगायत पोषणसँग सम्बन्धी कार्यक्रम विस्तार, परिष्कृत एवं प्रभावकारी बनाइनेछ । स्वास्थ्य संस्थाहरुसँगको सहकार्यमा पोषण पुर्नस्थापना केन्द्रहरू स्थापना गरिनेछ ।

७.१५.७ स्थानीय बजारमा खाद्य पदार्थमा मिसावट र अखाद्य पदार्थ नियन्त्रण गरिने छ । स्वस्थ मासु तथा दुध उत्पादन बिक्रि बितरणको लागी नियमन गरिने छ । कुनै पनि तैयारी खानेकुराहरुमा अनिबार्य लेवलिङको व्यवस्था गरिने छ ।

७.१५.८ चंखेली गाउँपालिका अर्न्तगतका सम्पूर्ण स्कूलहरुलाई जङ्क फूड निषेधित जोन घोषना गरीने छ र १०० मिटर वरिपरिका पसलहरुमा चाउचाउ, बिष्कुट जस्ता अखाद्यबस्तु बिक्र बितरण गर्ण पाईने छैन ।

७.१५.९ चंखेलीगाउँपालिका अन्तरगतका सबै स्कूलमा नमूना करेशाबारीको निर्माण गर्नुका साथै सामाजीक पोषण ब्यबहार परिबर्तनका लागी नमूना करेशाबारी प्रदर्शनि गर्नु पर्नेछ ।

७.१५.१० दुग्ध, अण्डा, मासु जन्य तथा अन्य पोषिलो खाद्य पदार्थ उत्पादन र बिक्रीबितरण गर्ने नमुना कृषकलाई उत्प्रेरणा स्वरुप केही बजेट अनुदान स्वरुप उपलब्ध गाराईने छ ।

७.१५.११ पोषणयूक्त जनशक्ति र समाज निर्माण गर्न कार्यबिधि बनाई पोषणयुक्त नमुना टोल, वार्ड र गाउँपालिकाले अवधारणा अवलम्बन गरिनेछ ।

७.१५.१२ दुईबर्ष मूनिका बालबालिकाको स्वास्थ्य संस्थाबाट नियमित बृद्धि अनुगमन गरिनेछ । गर्भवति र २ बर्षमूनीका बच्चाका आमाहरुको पोषणको स्थीति सुधार गर्नको लागी प्रभाबकारी कार्यक्रमहरु नियमितरुपमा कार्यान्वयन गरिनेछ ।

७.१५.१३ कुपोषित बालबालिकाहरुलाई पुनर्स्थापनाका लागि पोषण पुनर्स्थापना सेवा केन्द्र स्थापना गर्न सघं, प्रदेश संग समन्वय गरि स्थापनाको लागि पहल गरिने छ ।

७.१५.१४ प्रभाबकारी नियमन तथा अनुगमन गर्नको लागी उपप्रमुखको समजत्वमा गाउँपालिका स्तरमा पोषण तथा खाद्यशुरक्षा समिती गठन गरीने छ ।

**७.१६ फोहरमैलाको उचित व्यवस्थापन, वातावरणीय स्वास्थ्य सरसफाइ प्रवर्धन गरी जनस्वास्थ्यमा पर्ने प्रतिकुल असरहरुलाई न्युनीकरण गर्दै लगिनेछ ।**

७.१६.१ चंखेली गाउँपालिका भित्र समुदाय, स्वास्थ्य संस्था तथा सबै बिद्यालयहरुमा स्वच्छ खानेपानीको व्यवस्था गरिने छ ।

७.१६.२ समुदायमा बितरण गरिएको खानेपानी तथा व्यवसायिक रुपमा उपलब्ध खानेपानीको निरन्तर गुणस्तर परीक्षण र निगरानी गरिने छ ।

७.१६.३ वडा समितिहरु संग समन्वय र सहकार्य गरी घर, समुदाय, बजार तथा स्वास्थ्य संस्थाको फोहोरको उचित व्यवस्थापन गरिने छ ।

७.१६.४ वडा समितिहरु संग समन्वय र सहकार्य गरी दुर्गम बस्तीहरुमा घरभित्र हुने धुँवा नियन्त्रण गर्न सफा चुलो अभियान संचालन गरिने छ ।

७.१६.५ वडा समितिहरुसंग समन्वय र सहकार्य गरी खुला दिशामुक्त चंखेली गाउँपालिकाबाट पूर्ण सरसफाइ युक्त चंखेली गाउँपालिका बनाईनेछ र सो को दिगोपनाको रणनिती तयार गरि कार्यान्वयन गरिनेछ ।

७.१६.६ चंखेली गाउँपालिका भित्र खानेपानी, हावा, ध्वनीको गुणस्तरको मापदण्ड निर्धाणर, कार्यान्वयन र नियमन गरिनेछ ।

७.१६.७ जलवायु परिवर्तन, मौसम परिवर्तन, काम र कार्यस्थलका कारणले स्वास्थ्यमा पर्ने हानीबाट वचाउन सरकारी तथा निजी सबै क्षेत्रहरुसंग समन्वय गरी स्वास्थ्य सचेतना सम्वन्धी कार्यक्रम संचालन गरिनेछ

७.१६.८ स्वास्थ्य संस्था जन्य फोहोरको व्यवस्थापन तथा बिसर्जन सम्बन्धि मापदण्ड बनाइ चंखेली गाउँपालिका स्तरमा प्रभावकारी रुपमा लागू गरिनेछ ।

**७.१७ गाउँपलिका र गाउँपलिका अन्तरगतका सबै स्वास्थ्य संस्थाहरुमा मातृ, नवजात शिशु उपचार आकस्मिक कोष स्थापना गरिनेछ ।**

७.१७.१ मातृ तथा नवजात शिशु उपचार आकस्मिक कोषमा गाउँपलिकाले आबस्यक बजेट बिनियोज गर्नेछ ।

७.१७.२ मातृ तथा नवजात शिशु उपचार आकस्मिक कोषको निर्देसिका बनाई कोषको कार्यान्वयन गरिने छ ।

## ८.संस्थागत संरचना

८.१.नीति कार्यान्वयनका लागि चंखेली गाउँपालिकाको नेतृत्वमा पालिका स्तरमा स्वास्थ्य शाखा, समिति तथा उपसमितिहरु रहनेछन भने स्वास्थ्य सेवा प्रदायकका रुपमा विभिन्न स्वास्थ्य संस्थाहरु ह्नेछन् । त्यसैगरी आधारभुत लगाएत अन्य स्वास्थ्य सेवा प्रवाहका लागि चंखेली गाउँपालिका स्तरमा प्राथमिक अस्पताल स्थापना गरिनेछ ।

८.२ मानव संशाधन विकासका लागि प्रदेश सरकार, प्रदेश लोक सेवा, स्वास्थ्य प्रतिष्ठान वा मेडिकल कलेज र अन्य स्वास्थ्य जनशक्ति उत्पादन गर्ने निकायहरुसंग क्षमता अभिवृद्धिका लागि समन्वय गरिनेछ

। स्वास्थ्य संस्थाहरुमा ल्याव सेवा, आँखा उपचार सेवा र प्रत्येक वडामा एउटा आधारभूत स्वास्थ्य केन्द्र तथा आवश्यकता अनुसार सामुदायीक स्वास्थ्य इकाई स्थापनाको लागि प्रदेश तथा संघीय सरकारसँग समन्वय एवं सहजीकरण गरिने छ ।

### ९.आर्थिक पक्ष

यस नीतिको कार्यान्वयन मूलतः  चंखेली गाउँपालिका सामाजकि विकास शाखाको नियमित बजेटबाट गरिनेछ । यस नीतिमा रहेका उद्धेश्यहरु हासिल गर्न चंखेली गाउँपालिकाका सवै शाखाहरुको कार्यक्रम तथा बजेटमा तालमेल मिलाई सबै नीतिमा स्वास्थ्यको अवधारणालाई अगाडी ल्याइनेछ । नेपाल सरकार र प्रदेश सरकारको नियमित वार्षिक कार्यक्रम मार्फत यस नीतिले अवलम्बन गरेका रणनीति तथा कार्यनीतिहरु सम्बोधन गराउन पहल गरिनेछ । यसका साथै यो नीति कार्यान्वयन गर्न राष्ट्रिय तथा अन्तराष्ट्रिय विकास साझेदारहरु, संयुक्त राष्ट्र संघीय निकायहरु, गैर सरकारी संस्थाहरु र निजी क्षेत्रसँग समेत समन्वय, सहकार्य र साझेदारी गरी आवश्यक श्रोत व्यवस्थापन गर्न पहल गरिनेछ ।

### १०.अनुगमन र मूल्यांकन

यस नीति कार्यान्वयनको क्रममा अनुगमन गर्ने र अपेक्षित  नतिजा र प्रतिफल प्राप्तीको मूयांकन गर्ने दायित्व सामाजिक विकास शाखाको हुनेछ । यसको लागि उक्त शाखाको संयन्त्र र क्षमता विकास गरिनेछ । वडा समितिहरु एवम अन्य सरोकारवाला निकायसँगको समन्वय र सहकार्यमा सहभागितामुलक अनुगमन प्रक्रिया अवलम्बन गरिनेछ । प्रत्येक तीन वर्षमा यस नीतिको समीक्षा गरी आवश्यकता अनुसार परिमार्जन गर्दै लगिनेछ ।

### ११.नीति कार्यान्वयनको कार्ययोजना

नीति कार्यान्वयनका लागि स्वास्थ्य रणनीती, योजना र कार्यक्रम निर्माण गरी कार्यन्वयनमा लगिने छ । स्वास्थ्य सँग सम्बन्धित आवश्यक कानून तथा अन्तराष्ट्रिय स्तरमा नेपालले गरेका प्रतिवद्धताको अधीनमा रही यस नीति कार्यान्वयनको कार्ययोजना बनाइने छ । यही कार्यायेजना अनुसार बार्षिक योजना तथा कार्यक्रम र बजेट निर्माण कार्यान्वयन गरिनेछ । वार्षिक रुपमा कार्ययोजना कार्यान्वयनको समीक्षा गरी पुनरावलोकन गरिनेछ ।

### १२.जोखिम

मौलिक अधिकारको रूपमा स्थापित भएको आधारभूत स्वास्थ्य सेवालाई सुदृढ एवं सक्षम स्वास्थ्य प्रणाली मार्फत समतामूलक गुणस्तरीय सेवा प्रदान गर्न आवश्यक पर्ने समन्वय, स्रोत र साधन व्यवस्थापन हुन नसकेमा कार्यन्वयनमा कठिनाई  भई यस नीति तथा रणनीतिले अपेक्षा गरेका नतिजाहरु प्राप्तिमा जोखिम हुन सक्ने सम्भावना रहेको छ ।